घर-नक्सापास कार्यबिधी, २०७५

महाकाली नगरपालिका

खलंगा, दार्चुला

सुदुरपश्चिम प्रदेश, नेपाल

भवन तथा बस्ती बिकास शाखा

भुमिका

महाकाली नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र व्यवस्थित भौतिक पुर्वाधारहरुको बिकास गर्ने उदेश्यका साथ यसै नगरपालिकाद्वारा तयार गरी मिति २०७५/०१/२५ गते नगर सभाबाट अनुमोदन भएको भवन तथा बस्ती विकास, शहरी योजना निर्माण सम्बन्धि मापदण्ड २०७४ कार्यान्वयन गर्नका लागि यो घर –नक्सा पास कार्यविधि २०७५ तयार पारेको छ । यो कार्यबिधी लागु गर्नु पूर्ब नक्सा पास प्रयोजनका लागि कुनै पनि निश्चित कार्यविधी नभएकाले नक्सा पास प्रक्रिया अनिश्चित, अन्योल तथा जटिल भएको देखिन्छ । तसर्थ यस महाकाली नगर भित्र बन्ने घरहरुको नक्सापास प्रक्रियालाई सहज बनाउनका लागि यो घर क्सा पास कार्यबिधी आवस्यक देखिएको हो । यो घर नक्सापास कार्यविधीलाई यस नगरपालिकाले समयानुकुल सँशोधन गरी व्यवस्थीत गर्दै लग्नेछ ।

बिषय सुचि

१.	परिचय	४-४
२.	नक्शा पास संम्बन्धि साधारण व्यवस्था	४- ६
२.	घर निर्माण कर्ताले पालना गर्नु पर्ने नियमहरु	६-६
३.	डिजाईनरले पालना गुर्नुपर्ने नियमहरु	६-१०
४.	घर नक्शा पास गर्न आवश्यक कागजातहरु	१०-११
५.	घर नक्शापास सम्बन्धि कार्यविधि	११- १३
६.	मापदण्ड सम्बन्धि व्यवस्था	१३-१३
७.	धरौटी सम्बन्धि व्यवस्था	१३-१३

०७५।१०।१२

नगर प्रमुख

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूर पश्चिम प्रदेश, नेपाल

परिचय :

नगर क्षेत्रको सुन्दरता तथा वातावरण सुधार गरी व्यवस्थित विकासको लक्ष्य प्राप्त गर्न उक्त क्षेत्रमा गरीने भवन निर्माण क्रियाकलापहरु तथा भू-उपयोगमा गरीने क्रियाकलापहरुलाई सुनियोजित गर्ने आधारभूत साधनको रुपमा भवन र योजना मापदण्डलाई लिइएको छ, साथै भवन र योजना मापदण्ड लागु गर्न घर-नक्सा पास कार्यबिधीको तड्कारो आवस्यकता महसुस गरिएको छ। (नेपाल सरकार सङ्घिय मामिला तथा स्थानिय विकाश मन्त्रालयले राष्ट्रिय भवन संहिता २०६० तथा भवन सम्बन्धी परीमार्जित मापदण्डहरुलाई शहरी विकाश मन्त्रालयको प्राविधिक सहयोग र समन्वयमा सुरक्षित एंव भुकम्प प्रतिरोधात्मक, आवास, व्यवस्थित बसोबास प्रवर्धनको निमित्त वस्ती विकाश, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन, २०७२ श्रावणमा र असोजमा जारी गरेको हो। सोहि मार्गदर्शन लगायत "भवन निर्माणको नमुना मापदण्ड २०७१" र "भवन ऐन २०५५" महाकाली नगरपालिका ,दार्चुलाको नगर सभाबाट मिति २०७५/०१/१२ गते अनुमोदित भवन तथा बस्ती बिकाश, शहरी योजना निर्माण सम्बन्धी मापदण्ड २०७४ लाई आधार मानि हाम्रो नगरपालिकाले पनि घर – नक्सा पास प्रयोजनका लागि यो कार्यबिधी तयार पारेकोछ।

कार्यबिधीको नाम :

यो कार्यबिधीको नाम "घर नक्सापास कार्यबिधी २०७५" रहेको छ।

कार्यबिधीको अधिकार क्षेत्र :

यो कार्यबिधीको अधिकार क्षेत्र महाकाली नगरपालिकाको भौगोलिक सिमाना भित्र रहेको छ।

कार्यबिधीको कार्यान्वयन :

यो कार्यबिधी महाकाली नगरपालिकाले लागु गरी कार्यान्वयन गर्नेछ।

कार्यबिधीको संशोधन :

यो कार्यबिधी महाकाली नगरपालिकाले आवस्यकता अनुसार नगरभाबाट संशोधन गर्न सक्नेछ।

क. नक्शा पास सम्बन्धि साधारण ब्यबस्था

यस महाकाली नगरपालिकाको घर नक्शापासलाई ब्यबस्थित गर्न तपशिल बमोजिमको ब्यबस्था गर्न उपयुक्त देखिन्छ।

तपशिल

१) महाकाली नगरपालिकाबाट पारीत भएको मापदण्ड अनुसार भवन निर्माण गर्ने प्रक्रिया प्रभावकारी र स्पष्ट रुपमा कार्यान्वयन गर्न स्वीकृत मापदण्ड अनुसार भवन निर्माण गर्नको लागि नक्शा पेश गर्दा यस नगरपालिकामा दर्ता भएका व्यक्ति तथा कन्सल्टेन्सी, फर्महरुबाट नक्शा तयार गराएको हुनु पर्ने र नक्शा पेश गर्दा NEC No. उल्लेख भएको हुनु पर्ने छ ।

२) बुँदा नं. १ लाई प्रभावकारी बनाउनको लागि सम्बन्धित व्यक्ति तथा रजिष्र्टड फर्मलेLayout गर्ने देखी D.P.C. Level सम्म घर निर्माण गर्दा अनिवार्य रुपमा Supervision गरी तोकिएको मापदण्ड अनुसार निर्माण भएको भन्ने सिफारीश गर्नुपर्ने छ ।

३) यस नगरपालिकामा दर्ता नभएका व्यक्ति तथा Consultancy firm ले नक्शा बनाई पेश गर्न पाउने छैन साथै बुदाँ न. २ उल्लंघन गर्ने व्यक्ति तथा Consultancy Firm लाई नियमानुसार कारबाही हुने छ ।

४) निर्माण हुने वा निर्माण भै सकेको भवन अगाडीको क्षेत्र) भित्र पर्ने भएमा उक्त जमिनको Natural Slopeयथावत कायमहुनु पर्ने र Natural Slopeमा परिवर्तन नगरी सतह मिलान गर्न सकिने छ ।

५) ३५ फिट उचाई भएको भवन निर्माण गर्दा कुनै किसिमको Structure Designपेशगर्नु , नपर्ने तर राष्ट्रिय भवन सँहिताको MRTअनुसार हुनु पर्ने छ । सो भन्दा बढी क्षेत्रफल अथवा तल्ला हुने भवनहरुको निर्माण गर्ने सम्बन्धमा Structural Drawing पेश गर्नु पर्ने छ । तर सेडहरुको हकमा क्षेत्रफल बढि भए पनि Structural Drawing आवश्यक पर्ने छैन ।

६) Septic tank, Soak pit, Water tank आदि Rightofway / Set back भित्र पर्ने गरी निर्माण गर्न नपाउने र नक्शामा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

७) दुवै तर्फ मोहडा भएको वा एक तर्फ मोहडा भएको निर्माण स्थलको Level बराबर नभएको ठाँउमा घरको उचाईको नाप कायम गर्दा र जमिनको औसत लेभल जति छ ,

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला

सोही लेभलबाट मात्र अन्तिम उचाई कायम गरिने छ तर Natural Basement को हकमा भुईं तलाको जमिन तहबाट मात्र उचाई कायम गरिने छ ।

८) Septic Tankघरभित्र वा घरसँग जोडेर निर्माण गर्दा घरको जगलाई असर पर्ने भएकोले त्यस्तो अवस्थामा जग जोगाउने नक्शा सहित प्राविधिक Supervision अनिवार्य हुनु पर्नेछ ।

९) यस कार्यबिधि लागु भएको मितिबाट नयाँ कित्ता काट्दा घर निर्माणको लागि नक्शा पाश गर्न कम्तिमा २.५ (साढे दुई) आना जग्गा हुनु पर्नेछ तर यस पुर्व कित्ता काट भै सकेको हकमा यो नियम लागु हुने छैन ।

१०) Septic Tank र घरबाट निस्कने फोहर सिधै खोलानाला, नहर तथा कुलोहरुमा मिसाउन पाईने छैन ।

ख. घर निर्माण कर्ताले पालना गर्नु पर्ने नियमहरु :

- आफुले पेश गरेको नक्शा राज्यको प्रचलित ऐन कानुन बमोजिम भएको हुनु पर्नेछ ।
- पेश गरिएका कागजातहरु सबै चुस्त दुरुस्त हुनु पर्दछ ।
- पेश गरिएको नक्शा , नक्शा दरखास्त फारममा उल्लेख गरिएको ढाँचा अनुरुप हुनु पर्दछ ।
- सम्बन्धित जग्गाको सडक मापदण्ड तथा रोक्का आदि बारे जानकारी प्राप्त गर्न सम्बन्धित जग्गा धनी सम्बन्धित जग्गाको नापी नक्शा लिई न.पा.को भवन तथा बस्ती बिकास शाखामा उपस्थित हुनु पर्ने छ ।
- नक्शा पेश गर्दा नक्शा तयार गर्ने व्यक्ति वा डिजाईनर Consultancy, यस नगरपालिकामा सुचिकृत भएको हुनु पर्दछ ।
- नक्शा पाश गर्दा घर धनीले नापी नक्शा कित्ता नं., जग्गाको साइज र बाटो स्पष्ट बुझिने कागजात पेश गर्नु पर्नेछ

ग. डिजाईनरले पालना गर्नु पर्ने नियमहरु

यस नगरपालिकामा नक्शा तयार गरि पेश गर्दा डिजाईनरले तपशिल बमोजिमको परिधि भित्र रही कार्य गर्न उपयुक्त देखिन्छ ।

७८।०८।१२

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला, सुदूर पश्चिम प्रदेश, नेपाल

१) घर धनीको इच्छा र दक्ष प्राविधिकका सुझाव अनुसार हुने गरी नगरपालिकामा दर्ता भएका व्यक्ति तथा Consultancy Firm बाट पेश गर्नुपर्नेछ ।

२) नक्शा पुरै Detail समेत A1, A2, A3 Size को पेपरमा तयार गरी जग्गाको Size अनुसार निम्न componentहरु पुरा गरी पेश गर्नुपर्नेछ ।

- Floor Plan
- Roof Plan
- 4 Side Elevation
- Section Through Staircase or heighest portion
- Column detail (कम्तीमा 12" x 12" को Column size हुनुपर्ने)
- Beam detail
- Staircase detail
- Foundation detail
- Site Planमा स्पष्ट रुपमा सडकको चौडाई र जग्गाको Size देखाउनु पर्नेछ ।
- Location Plan
- Floor PlanमाColumnको भाग कालो गर्ने , Room sizeप्रत्येक कोठा भित्र लेख्नु पर्ने र Dimensionदिदाँ Room र Partitionको चारैतर्फ Clear Showगर्ने र ढोका कुन साइडमा खोल्ने हो त्यो पनि प्रष्ट गर्नुपर्नेछ ।
- Elevationमा झ्याल ढोका खोल्ने वा Fixed हो थाहा पाउने गरी चौकोस र खापाको Drawing तयार गर्नु पर्नेछ ।
- Roof Plan मा कुन साइडमा पानी झार्ने हो स्पष्ट देखाउनु पर्नेछ ।
- Site Plan निर्माण गरिने घरदेखी जग्गाको प्रत्येक कुनाको दुरी उल्लेख गरिएको हुनु पर्ने साथै Septic Tank र Soak Pit को ठाँउ समेत देखाएको हुनु पर्ने र Site Plan मा North माथीतिर हुनु पर्नेछ साथै बाटोको केन्द्र विन्दुदेखी प्रस्तावित घरको दुरी उल्लेख भएको हुनु पर्नेछ ।

०७४।०८।१२

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय

- Site Plan मा अगाडी पछाडी र दाँया बाँया छोड्ने दुरीको Dimension प्रष्टसँग उल्लेख गर्नु पर्नेछ । Septic Tank, Soak Pitसडकको मापदण्ड छोडेर मात्र नक्शामा देखाउनु पर्नेछ ।

Site PlanकोScale निम्न बमोजिम हुने छ ।

- ० – १ रोपनी १: १०० अथवा १″= ८′०″
- १ – ४ रोपनी १: २०० अथवा १″= १६′०″
- ४ रोपनी भन्दा माथी १: ४०० अथवा १″= ३२′०″

- घरको बार्दली रेलिङ्ग डिजाइन सम्बन्धमा पहिलो , दोश्रो तथा सो भन्दा माथी का तल्लाहरुको लागी Parapet Railingको उँचाई कम्तीमा ३ फिट हुनु पर्ने र सो Railling बाहिरपट्टिबाट देखिने डिजाइन जस्तोसुकै भएतापनि भित्री भाग बच्चाहरु उक्लन नसक्ने किसिमको हुनु पर्नेछ ।
- Departmental Stores, Hospital, Film hall आदि जस्ता बढी मानिसको चाँप हुने भवनहरुको नक्शा डिजाइन गर्दा Structural Detailsअनिवार्य रुपले देखाउनुपर्नेछ साथै उक्त नक्शामा Structural Engineerको दस्तखत हुनु पर्नेछ ।
- Drawing Photocopy तथाTresssing Paper कोसाइज अन्य कार्य समेतलाई प्रयोग हुने गरी Photocopy Machine को लागि समेत हुने गरी निम्न अनुसार हुनेगरी निम्नानुसार कायम गर्नुपर्नेछ ।

  A1 = 30" X 20"

  A2 = 23½"X 16½"

  A3 = 16½"X 12"

  उल्लेखित पेपर साइजमा नक्शा पुरैको लागि ठाउँ नपुग भएमा SHEET NO२ गरीअर्कोSHEET मा SiteरLocation Planदेखाउनु उपयुक्त देखिन्छ ।
- नक्शाको स्केल १″= ८′०″ वा१: १०० हुनु पर्ने छ । ठुलो नक्शा ३००.०० वर्ग मी. भन्दा बढी Ground Floor Areaभएमा नक्शाको स्केल १″= १६′०″ वा१: २०० पनि गर्न सकिन्छ।

- ३५ फिट भन्दा बढी उचाई भएका भवनका लागि Structural Drawingपेश गर्नु पर्ने छ ।
- साँध सिमानामा गाह्रो निर्माण गर्नु पर्दा सो गाह्रोबाट उज्यालो प्राप्त गर्नलाई Opening Size

  0.5 mtr.x 1.00mtr मा नबढाई भेन्टिलेशन बनाउँदा ग्रिल र जाली राखी बनाउनु पर्नेछ ।
- संधियाराको सांधमा झ्याल राख्दा १´– ६"Setbackछाड्नु पर्ने छ ।
- भवन निर्माण गर्दा भवनको टप बढीमा ३ फिट हुनु पर्ने छ साथै CantileverProjectionमा गाह्रो राखी Wall निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ Cantilever Projection गरी Wallधान्ने खालको छ र आफ्नो हक भोगको जग्गामा टप पर्दछ भने त्यसमा बाधा पर्ने छैन ।
- Basement बनाउने घर धनिले उक्त घर निर्माणस्थलको soil test reportपेश गर्नु पर्ने छ तरNaturalbasementवाsemi basementको हकमाsoil test reportआवश्यक पर्ने छैन ।
- आफुले डिजाईन गरेको घर नक्शाको सडक मापदण्ड सम्बन्धमा डिजाईनर स्वयं जिम्मेवार हुने हुदाँ उक्त घरको सडक मापदण्ड नियमीत सुपरभिजन गरी घर निर्माण बारे सही प्रतिवेदन दिनु पर्दछ ।
- पुरानो घरमाथि तला थप गर्दा सम्वन्धित कन्सल्टेन्सिबाट प्राविधिक जाँच गराई उक्त घरको तला थप गर्न सकिने वा नसकिने एकिन गरि मात्र तला थपको नक्सा डिजाइन गर्नु पर्ने छ । साथै सो भवनको आवश्यक जिम्मेवारी पेश गर्ने व्यक्ति वा Consultant को हुनेछ ।

नक्शा कागजको दायाँ भाग ४" (तल देखि माथि सम्म) ठाँउ छुट्याई तपसील वमोजिम वनाई लेख्नु पर्ने छ ।

Owner's name:

Owner's Signature:

Plot No:

०५६/०८/१२

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय

Plot area:

Plinth area of the building:

Total Floor area:

Land covered by Building:

Tread :

Riser :

Schedules of Openings:

S.N.	Description	Size	Nos.	Remarks

Consultant:

Drawn By:		
Designed By:		
License No.:		
Date:		
Scale :	Sheet No.	

घ. घर नक्शा पास गर्न आवश्यक कागजातहरु

घर नक्सा पास गर्न घर निर्माण कर्ताले नगरपालिकामा तपशिल बमोजिमका कागजातहरु पेश गर्न उपयुक्त देखिन्छ ।

- स्वीकृत प्राप्त डिजाइनर बाट तयार भएको घरको नक्सा - ३ प्रति
- जग्गा धनी प्रमाण पुर्जाको फोटोकपी - १ प्रति
- नागरिकताको फोटोकपी - १ प्रति
- एकीकृत सम्पत्तिकर रसिदको फोटोकपी - १ प्रति
- नापी नक्सा - १ प्रति

(यदि नक्सा प्रष्ट नभएमा प्रमाणित ट्रेस नक्शा पेश गर्नु पर्नेछ)

- वारेश राखी नक्शा पास गर्ने भएमा वारेशको वारेशनामा तथा वारेशको नागरिकताको प्रतिलिपि
- बाटो दर्ता / सार्वजनिक भएको प्रमाण
- जग्गा धनी मोही भएमा जग्गाधनि वा गुठीको स्वीकृती पत्र

ङ घर नक्शा पास सम्बन्धि कार्य विधि

घर नक्शा पास गर्दा तपशिल बमोजिमको कार्यबिधि अनुसार कार्य गर्नु पर्नेछ ।

- नक्शा पासको लागी नक्शा दरखास्त फारम नगरपालिकाको राजस्व शाखा बाट तोकिएको फाराम दस्तुर तिरी प्राप्त गर्न सकिने छ । स्वीकृती प्राप्त व्यक्ति वा Consultancy बाट नक्शा बनाउन लगाउनु पर्दछ । Plan, Elevation, Section, Beam detail, Column detail, foundation detail, staircase detail, Site Plan,Roof Plan, Location Plan सहितको तीन प्रति नक्शाको साथै १ प्रति जग्गाधनी प्रमाण पुर्जा, चालुआ.व. कोएकीकृत संपत्ति कर तिरेको रसिदको फोटोकपी, नागरीकता प्रमाण पत्रको फोटोकपी र सक्कल नापी नक्शा सहितको कागज पत्र नगरपालिकाको भवन निर्माण तथा बस्ती बिकास शाखामा बुझाउनु पर्ने छ । साथै नक्शा किताबमा उल्लेख भए अनुसार को कागजपत्रहरु र Drawing Design पेश गर्नु पर्ने छ ।
- नगरपालिकाको प्राबिधिकबाट फिल्ड तथा कागजपत्र जाँच गराई राजश्व वापत प्रति बर्ग फिट लाग्ने दस्तुर कर शाखामा बुझाई, दर्ता शाखामा दर्ता गरी प्राविधक शाखामा फाँट दर्ता गरी सम्बन्धित वडा कार्यालयमा गई, वडा कार्यालयबाट संधियाराको नाममा १५ दिने सुचना टाँस गर्नु पर्नेछ ।

०७५।०८।१२

- सम्बन्धित वडा कार्यालयबाट १५ दिने सुचनाको म्याद सकिएपछि सर्जमिन मुचुल्काको लागी नगरपालिकाको प्राविधिक शाखामा नक्शा दरखास्त फाराम सहित पेश गर्नु पर्नेछ ।
- सर्जमिन मुचुल्काको लागि पत्र लेखी दस्तखत तथा चलानी गराई पुनः सम्बन्धित वडाकार्यालयमा नक्शा दरखास्त फारम लिएर जानु पर्दछ ।
- सम्बन्धित वडा कार्यालयबाट सोही वडा सेवा केन्दको तोकीएको व्यक्तिको रोहवरमा साँध संधियाराको सर्जमिन मुचुल्का गरी नगरपालिका कार्यालयमा नक्शा दरखास्त फारम पेश गर्नु पर्नेछ ।
- नगरपालिकाको प्राविधिकले सवै प्रक्रिया तथा कागजात जाँच गरी PlinthLevel सम्मको लागि भवन निर्माणको अस्थायी इजाजत पत्र दिइनेछ ।
- Plinth Level (DPC) सम्म निर्माण कार्य पुरा भएपछि नक्शा शाखामा सम्पर्क राखी सम्बन्धित व्यक्ति वा Consultancy बाट Plinth Level भन्दा माथि Super structure कोनिर्माण कार्यको ईजाजतको लागि व्यक्ति तथा कन्सल्टेन्सी फर्मबाट प्रतिवेदन भरी सोकोजाँच नगरपालिकाका प्राविधिकबाट गराई भवन निर्माण स्थायी ईजाजत पत्र दिईनेछ । तर स्वीकृत अस्थायी ईजाजत पत्र भन्दा फरक भएमा पुनः नक्शा पेश गर्न लगाई मात्र स्थायी प्रमाण पत्र दिईनेछ ।
- स्थायी ईजाजत पत्र प्राप्त भएको मितिले २ वर्ष भित्र निर्माण कार्य गरी सक्नु पर्नेछ । सो अवधिमा निर्माण कार्य पुरा नभएमा नियमानुसार ५ प्रतिशत थप नक्शा नविकरण दस्तुर तिरी बढीमा अर्को २ वर्षसम्मको म्याद थप हुनेछ । थपेको म्यांद भित्र पनि ईजाजत प्राप्त निर्माण कार्य पूरा नभएमा पुन अर्को नक्शा पास गरी मात्र बनाउनु पर्नेछ ।
- घर निर्माण कार्य सम्पन्न भएपछि घर धनि वा निजको वारेशले नगरपालिकाको भवन तथा बस्ती बिकास शाखामा सम्पर्क राखी सो को प्रविधिकबाट जाँच निरिक्षण गराई स्वीकृत नक्शा अनुसार भवन निर्माण सम्पन्न प्रमाणपत्र उपलबध गराईन्छ । तर स्थायी पास भएको नक्शा बमोजिम घर निर्माण कार्य नभएमा वा मापदण्ड पुरा नभएमा सम्पन्न प्रमाण पत्र दिन नगरपालिका बाध्य हुने छैन ।
- भवन निर्माण सम्पन्न प्रमाण पत्र लिंदा अनिवार्य रुपमा घरको वरिपरी कम्तीमा २ वटा रुखको विरुवा रोपेको हुनु पर्ने छ ।

- अस्थाई कच्ची घर ३००.० वर्ग फीट सम्मको घर निर्माणको लागि वडा कार्यालयकी सिफारीश सहित नगरपालिकाको भवन तथा बस्ती बिकास शाखामा संपर्क राख्नु पर्नेछ । यस्ता प्रकृतिका घरहरुको लागि सँधियाराको मुचुल्का आवश्यक पर्नेछैन ।
- ५००.० वर्ग फिट सम्मको कच्ची घरको लागी दर्ता नभएको बाटो तथा कुलोको निकास मात्र भएको हकमा पनि नियमानुसार आर.सि. सि. सँरचना झैं १५ दिने सुचना, सर्जमिन मुचुल्का सहित अस्थाई, स्थायी र सम्पन्न प्रमाण पत्र लिनु पर्ने छ । तर यस्ता प्रकारका घरहरुमा आर सी सी कोलम र सो सम्बन्धि भाग हरु राख्न पाईने छैन ।
- नक्शा पास सम्बन्धि फाराम अनुसुचि - २ बमोजिमको हुने छ ।

नोट : नक्शा पास नगरी निर्माण कार्य गरेमा वा नक्शा पास विपरीत अनियमित निर्माण कार्य गरेमा स्थानीय सरकार कन्चालन ऐन २०७४ बमोजिम कार्वाही गरिनेछ ।

च. मापदण्ड सम्बन्धि व्यवस्था :

यस नगरपालिकाले भौतिक सँरचना निर्माण गर्न तपशिल बमोजिमको सडक मापदण्ड निर्माण गर्न आबश्यक छ ।

- नगरपालिका क्षेत्र भित्रका सडकहरुको मापदण्ड कम्तिमा अनुसुचि - १ बमोजिमको हुनेछ ।
- High Tension विद्युत लाइन भएको हकमा High Tension Line बाट कम्तीमा विद्युत प्राधिकरणको तोकिएको मापदण्ड छोडी मात्र घर निर्माण गर्न स्वीकृती प्रदान गरिने छ ।
- भुई तला तथा अन्य तला नक्शा पास भएता पनि हाल निर्माण हुने तलाको लागि हाल कायम भएको न्युनतम मापदण्ड पुरा गरेर मात्र नक्शा पास गरिने छ ।
- नगर क्षेत्रमा नयाँ खोल्ने बाटोहरुको हकमा कम्तिण्मा ३.५ मीटर चौडाईको बाटो कित्ता काट गरि सार्वजनिक गर्नु पर्नेछ ।
- नगर क्षेत्रमा नयाँ खोल्ने सडकको हकमा कम्तिमा ६ मीटर तर प्राविधिक समितितिको सिफारिसमा भौगोलिक क्ष्त्रमा सडकको चौडाई न्यूनतम ४ मीटर कायम गर्न सकिने छ ।
- नगर क्षेत्रका भवन तथा बस्ती बिकास मापदण्ड लागुहुनुपुर्व बनेका सडकको हकमा कम्तिमा १.५ मीटर चौडाईको बाटो कित्ता काट गरि सार्वजनिक गर्नु पर्नेछ ।

छ. शुल्क सम्वन्धि व्यबस्था

छ. शुल्क सम्वन्धि व्यबस्था

घर नक्शा पास तथा अध्यावधिक गर्दा नगरमा यस पुर्व वनेका भौतिक संरचनाहरुको मर्मत सम्भारका लागि तपशिल बमोजिमको शुल्क व्यवस्थापन गर्न आवश्यक छ ।

- ३ मीटर भन्दा बढी चौडाई भएका पक्की सडकफोड्नु पर्ने भएमा रु. ३०००।- शुल्कतिर्नु पर्नेछ ।
- ३ मीटर चौडाई सम्म भएका पक्की सडकफोड्नु पर्ने भएमा रु. २०००।- शुल्कतिर्नु पर्नेछ ।
- ग्राभेल सडक फोड्नु पर्ने भएमा रु. १०००।०० शुल्क तिर्नु पर्ने छ ।
- सडक छेउ फोड्नु पर्ने भएमा रु. ३००।०० शुल्क तिर्नु पर्नेछ ।
- भित्री पिसिसि बाटो फोड्नु पर्ने भएमा रु. ५००।०० शुल्क तिर्नु पर्नेछ ।
- बनिसकेको सडकको नाला भत्काई घर निर्माण गर्नु परेमा रु. ३०००।– शुल्क तिर्नु पर्नेछ ।

ज.धरौटी सम्बन्धी व्यवस्था

उपर्युक्त माथिका (बुदा नं. छ बमोजिम) सडक, सडक छेउ तथा नाला कटान गर्दा प्राबिधिक हिसावले भएको क्षतिमा नघट्ने गरी नगरपालिकाले तोके बमोजिम धरौटी नगरपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्ने छ ।

झ.संशोधन सम्बन्धी व्यवस्था

यस कार्यविधिमा संशोधन तथा थपघट गर्नु वान्छनीय भएमा कार्यपालिका बैठकबाट संशोधन तथा थपघट गर्न सकिनेछ ।

०७५।०८।१२

नगर प्रमुख